**यो आकाशवाणी गान्तोक हो** **29 AUGUST 2024**

- **MP DISHA**

लोकसभा सांसद तथा सोरेङ जिल्ला विकास समन्वय तथा अनुगमन समिति (दिशा)-का अध्यक्ष श्री इन्द्रहाङ सुब्बाको अध्यक्षतामा आज सोरेङ रुर्बन कम्प्लेक्सको सम्मेलन कक्षामा दिशाको बैठक बस्यो। सिक्किम विधानसभा अध्यक्ष श्री मिङ्मा नोर्बु शेर्पाको पनि उपस्थिति रहेको बैठकमा केन्द्र सरकारद्धारा सञ्चालित विभिन्न विकासीय योजना र जन कल्याणकारी कार्यक्रम सम्बन्धमा विभागीय अधिकारीहरुले योजनाको कार्यान्वयन र कार्यप्रगतिबारे जानकारी गराए। अधिकारीहरुले राखेको जानकारीबारे सांसद श्री सुब्बा लगायत अन्य उपस्थित अतिथिगणले आ-आफ्नो मन्तव्य राखे।

-------------------------------------X-------------------------------------

- **UPSC Aadhar**

सरकारले संघ लोक सेवा आयोग (UPSC)-ले स्वेच्छिक आधारमा उम्मेदवारहरूको पहिचान प्रमाणित गर्न आधार आधारित

सत्यापनलाई अनुमति दिएको छ। पञ्जीकरणको समय र परीक्षा अनि भर्तीका विभिन्न चरणअवधि यो सत्यापन गर्न सकिनेछ। यो निर्णय पूजा खेडकरको अन्तरिम उम्मेदवारीलाई रद्द गर्ने र फर्जी पहिचान देखाएर नागरिक सेवा परीक्षामा निर्धारित संख्याभन्दा अधिक प्रयास गर्न उनलाई भविष्यका सबै परीक्षाहरूबाट वञ्चीत गरेपछि आएको छ।

---------------------------------------X--------------------------------------

- **Meeting on DIC**

गेजिङ जिल्लाको राबदेन्सीस्थित जिल्ला प्रशासनिक केन्द्रमा प्रधानमन्त्री विश्वकर्मा योजनाको प्रगतिको समीक्षा गर्न आज जिल्ला कार्यान्वयन समितिको बैठक बस्यो। गेजिङ मुख्यालयकी अतिरिक्त जिल्लाधीश विकास सुश्री रजनी शर्माको अध्यक्षतामा सम्पन्न बैठकमा ग्राम पञ्चायत एकाई (GPU) स्तरमा योजनाको कार्यान्वयनलाई तीव्रता दिनुपर्ने विषयमा केन्द्रित गरियो। सुश्री शर्माले कुच्चो बनाउने, माँटोका भाँडाकुँडा बनाउने र कार्पेट बुन्ने जस्ता परम्परागत शिल्पमा संलग्न कारीगरहरूको व्यापक पञ्जीकरण सुनिश्चित गर्न तत्काल कार्यवाहीको आवश्यकतामा जोड़ दिनुभयो।

---------------------------------------X--------------------------------------

- **DC Pakyong**

पाकिमका जिल्लाधीश श्री अग्वाने रोहन रमेश र अतिरिक्त जिल्लाधीश श्री साङ्गे ग्याछो भोटियाको विशेष उपस्थितिबीच जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा आज विभिन्न राजनीतिक पार्टीहरूलाई लिएर बैठक बस्यो। बैठकमा Electronic Voting Machines (EVM) र मतदाता प्रमाणिकरण योग्य पेपर अडिट ट्रेल (VVPAT) गान्तोकको जिल्ला प्रशासनिक केन्द्रस्थित Warehouse-मा सार्ने लगायत अन्य विभिन्न विषयमा चर्चा भयो। बैठकमा विशेष संक्षिप्त संसोधनसित सम्बन्धित पूर्व संसोधन गतिविधिहरूमाथि पनि चर्चा भयो।

जिल्लापाल श्री अग्वानेले घर-घरमा सर्वेक्षण गर्दा मतदाता सूचिको विश्वसनीयताको रखरखाउमा रहने बुथ स्तरीय अधिकारीहरूको महत्त्वमाथि प्रकाश पार्नुभयो।

--------------------------------------X-------------------------------------

- **SPL**

सिक्किम फुटबल संगठन (SFA)-ले आगामी एकतीस अगस्तदेखि दश अक्टोबरसम्म पाल्जोर स्टेडियममा सिक्किम प्रिमियर लीग (SPL) आयोजन गर्ने भएको छ। आगामी शनिबार बिहान एघार बजेर तीस मिनटदेखि शुरू हुने लीगको उदघाटनीय खेलमा आक्रमन फुटबल क्लब र सिक्किम पुलिस माझ भिड़न्त हुनेछ। प्रतियोगिताका अन्य सहभागी क्लबहरूमा गान्तोक हिमालयन फुटबल क्लब, सिक्किम पुरूष फुटबल क्लब, सिङताम होलर्स स्पोर्टिङ क्लब र ब्रदरहुड फुटबल क्लबसहित आठवटा क्लब रहेका छन्।

गान्तोकमा आज आयोजित पत्रकार सम्मेलनमा सिक्किम प्रिमियर लिगको घोषणा गर्दै संगठनका उपाध्यक्ष श्री श्याम प्रधानले संगठनको प्रतिष्ठित र महत्त्वपूर्ण रहेको यो लिग राज्यका प्रिमियर डिभिजन क्लबहरूका निम्ति देशको प्रतिष्ठित अखिल भारत फुटबल महासंघको I लिगमा पुग्ने प्राविधिक प्रवेश द्वार हो भनी बताउनुभयो। लीगअन्तर्गत खेलाइने सबै छप्पनवटा खेलको विश्वभरिमा सीधा प्रसारण गराइने पनि आयोजक पक्षले जानकारी गराएको छ।

संगठनका महासचिव श्री फुर्बा शेर्पाले भन्नुभयो, यस सत्रको लीगका विजयी र उपविजयी दलले आगामी पाँच नोभम्बरदेखि

शुरू हुने अखिल भारत राज्यपाल स्वर्ण कप 2024-मा प्रवेश पाउनेछन्। यसरी नै प्रतियोगिताको विजयी दललाई उत्तरपूर्वी फुटबल विकास परिषदद्वारा आयोजन गरिने फुटबल प्रतियोगितामा पठाइने पनि जानकारी गराइएको छ।

---------------------------------------X---------------------------------------

- **CM with Footballer**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज आफ्नो सरकारी निवास मिन्तोकगाङमा सोमबारे सरकारी वरिष्ठ माध्यमिक विद्यालयका युवा फुटबल खेलाड़ीहरूसित भेट गर्नुभयो, जो Under 17 सुब्रतो कप अन्तरराष्ट्रिय फुटबल प्रतियोगितामा राज्यलाई प्रतिनिधित्व गर्न गइरहेछन्। उहाँले अन्तरराष्ट्रिय फुटबल खेलाड़ी श्री सञ्जु प्रधानको नेतृत्वमा रहेको टोलीलाई आगामी सफलताको निम्ति शुभकामना दिनुभएको छ। श्री तामाङले टोलीद्वारा प्रतियोगितामा उत्कृष्टता हासिल गरेर सबैका निम्ति सम्मान र प्रशंसा ल्याओस भनी कामना गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- **Sports**

देशले आज राष्ट्रिय खेल दिवस पालन गर्‍यो। यो दिवस महान हक्की खेलाड़ी मेजर ध्यानचन्दको जयन्तीको अवसरमा पालन गरिन्छ। प्रत्येक वर्ष उन्तीस अगस्तमा पालन गरिने राष्ट्रिय खेल दिवसले भारतीय हक्कीमा मेजर ध्यानचन्दको विरासतको सम्मान र शारीरिक गतिविधि तथा खेलको महत्त्वलाई दर्शाउँदछ।

यता सिक्किम राज्यको गेजिङ र पाकिम जिल्लामा पनि विभिन्न गतिविधिका साथ राष्ट्रिय खेलकुद दिवस पालन गरियो। यो दिवस गेजिङका निम्ति क्योङसा स्टेडियममा आनि पाकिमका निम्ति सन्त जेभियर विद्यालयको खेल मैदानमा सम्पन्न भयो। नाम्ची र मंगन जिल्लामा पनि यो दिवस विभिन्न गतिविधिका साथ पालन गरियो।

राज्यको खेलकुद एवं युवा मामिला विभागले आयोजना गरेको कार्यक्रममा विद्यालय र महाविद्यालयका विद्यार्थी लगायत विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूले भाग लिए। यस अवसरमा FIT India शपथ ग्रहण गरियो। कार्यक्रममा मुख्यमन्त्री एक माइल दौड़,

कनिष्ट पुरूष फुट्सल फाइनल, अन्तर विद्यालय कन्या फुट्सल प्रतियोगिता, टाइक्वाण्डो, आचेरी आदि गतिविधि भए।

--------------------------------------x--------------------------------------